स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



अभिनेत्री वर्षा सिवाकोटीको मुख्य भूमिका रहने फिल्म हो "गंगा रानी"। फिल्ममा वर्षाको जोडीको रुपमा नव कलाकार रोशन केसी अनुबन्धित भएका छन्। राजबहादुर सानेको निर्देशन रहने फिल्मले अभिनेत्रीमा वर्षा सिवाकोटी अनुबन्धित गर्दै ४ अभिनेता र ४ अभिनेत्रीका लागि अडिसन खुलाएको थियो। फिल्मका लागि आव्हान गरिएको कलाकार अडिसनबाट केसी छानिएको निर्माण युनिटले जनाएको छ।

**आजको विचार...**



बलियो...

(दुई पेजमा)

सन्दिप पराजुली

सोसल ड्रामा फिल्म "लालीबजार"को देशब्यापी कमाइ घरेलु बक्सअफिसमा ९ करोड नाघेको छ। चलचित्र विकास बोर्डका अनुसार आइतबारसम्म यसको कलेक्सन ९ करोड १६ लाख रुपैयाँ ग्रस छ। सोही अवधिसम्म यो फिल्मलाई ३ लाख ११ हजार ४०३ जनाले हेरेका छन्। यो कमाइसँगै षट्कोण आर्ट्सको यो फिल्म लगानी उठाएर पनि नाफामा छ। फिल्मको डिजिटल र विदेश राइट जोड्दा कलेक्सन १० करोड रुपैयाँ ग्रसभन्दा धेरै पुगेको छ। "काजी"ले ४४ लाख ४८ हजार ६० रुपैयाँ ग्रस कमाएको छ।



❑ वर्ष ३१ ❑ अंक ३१८ ❑ २०८३ असार २ गते मंगलबार 16 June 2026, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## सक्षिप्त समाचार

### ड्रोन आक्रमणमा एक हजार बढीको मुत्यु

(रासस/एएफपी)

**जेनेभा,** असार १/संयुक्त राष्ट्रसंघका मानव अधिकार प्रमुख भोल्कर टर्कले सुडानमा युद्धका क्रममा ड्रोनको प्रयोग तीव्र रूपमा बढेको भन्दै गम्भीर चिन्ता व्यक्त गरेका छन् । उनका अनुसार सन् २०२६ को पहिलो पाँच महिनामा मात्र ड्रोन आक्रमणका कारण एक हजारभन्दा बढी नागरिकको मृत्यु भएको छ । जेनेभास्थित संयुक्त राष्ट्र मानव अधिकार परिषद्लाई सोमबार सम्बोधन गर्दै टर्कले सुडानको द्वन्द्व झन् जटिल र घातक बन्दै गएको बताए । उनले भने, "सुडानमा द्वन्द्वको विस्तारसँगै ड्रोन युद्धको प्रयोगमा उल्लेखनीय वृद्धि भएको छ । जनवरीदेखि मे २०२६ सम्म हाम्रो कार्यालयले ड्रोन आक्रमणबाट मारिएका एक हजारभन्दा बढी नागरिकको विवरण अभिलेखीकरण गरेको छ ।" सुडानमा नियमित सेना ( साफ) र अर्धसैनिक र्‍यापिड सपोर्ट फोर्स (आरएसएफ) बीच अप्रिल २०२३ देखि जारी युद्धमा ड्रोनको प्रयोग क्रमश: प्रमुख सैन्य रणनीतिको रूपमा विकसित हुँदै गएको छ । सुडानको द्वन्द्वले हालसम्म दशौं हजार मानिसको ज्यान लिइसकेको छ भने एक करोड १० लाखभन्दा बढी मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसैले यस अवस्थालाई विश्वकै सबैभन्दा ठूलो विस्थापन तथा भोकमरी सङ्कटमध्ये एकको रूपमा वर्णन गरेको छ ।

# लुम्बिनी प्रदेश सरकारले ल्यायो ३७ अर्ब ३८ करोडको बजेट

**हाम्रा संवाददाता**

**पाल्पा,** असार १ / लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि ३७ अर्ब ३८ करोड ४५ लाख रुपैयाँको वार्षिक बजेट सार्वजनिक गरेको छ । आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले सोमबार प्रदेश सभामा उक्त रकम बराबरको बजेट प्रस्तुत गरेका हुन् ।

प्रस्तुत बजेटमध्ये चालुतर्फ ११ अर्ब ११ करोड २७ लाख १० हजार अर्थात् २९ दशमलव ७३ प्रतिशत र पुँजीगततर्फ २२ अर्ब ७१ करोड ६५ लाख ४० हजार अर्थात् ६० दशमलव ७७ प्रतिशत विनियोजन गरिएको छ । वित्तीय हस्तान्तरणतर्फको रकमसमेत समावेश गरी सो बजेट आएको हो । वित्तीय हस्तान्तरणतर्फ ३ अर्ब ५५ करोड ५२ लाख ५० हजार रहेको छ ।



गत आर्थिक वर्ष २०८२/०८३ मा प्रदेश सरकारले ३८ अर्ब ९१ करोड रुपैयाँ बराबरको बजेट ल्याएको थियो । यस वर्षको बजेट अघिल्लो वर्षको तुलनामा करिब १ अर्ब ५२ करोड ५५ लाख रुपैयाँले कम रहेको छ । पूर्वाधार विकास, कृषि, शिक्षा, स्वास्थ्य, रोजगार तथा आर्थिक उत्पादन वृद्धिलाई प्राथमिकतामा राखेर बजेट विनियोजन गरिएको प्रदेश सरकारले जनाएको छ । सरकारले आगामी वर्षको बजेटमार्फत प्रदेश संरचनाको सुदृढीकरण, सँघीय लोकतान्त्रिक व्यवस्थाको संस्थागत विकास, प्रादेशिक अर्थतन्त्रको सबलीकरण, वित्तीय सुशासन, सार्वजनिक तथा निजी क्षेत्रको सहभागिता विस्तार र आर्थिक समृद्धिलाई मुख्य प्राथमिकतामा राखेको जनाएको छ । 'समृद्ध लुम्बिनी, खुसी नागरिक' को दीर्घकालीन सोचलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरिएको मन्त्री कार्कीले बताएका छन् । बजेटले सँघीयताको लाभ आम नागरिकसम्म पुर्‍याउने प्रतिबद्धता व्यक्त गर्दै पूर्वाधार विकासमा दायित्व भुक्तानीलाई प्राथमिकता दिएको छ ।

मदिराजन्य तथा सुर्तीजन्य उद्योगबाहेक अन्य उद्योग स्थापना गर्ने उद्यमीलाई पूर्ण छुट दिने व्यवस्था गरिएको छ । उद्यमशीलता प्रवर्द्धनका लागि 'उद्यम विकास कोष' स्थापना गरी स्टार्टअप तथा नवप्रवर्तन कार्यक्रम सञ्चालन गरिने भएको छ । कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्न ४ करोड ९९ लाख रुपैयाँ तथा प्राविधिक सेवा विस्तारका लागि २ करोड ७८ लाख रुपैयाँ छुट्याइएको छ । शिक्षा तथा सामाजिक विकासतर्फ प्राविधिक शिक्षाका लागि ११ करोड रुपैयाँ, सामुदायिक क्याम्पस तथा विद्यालयका लागि ४० करोड रुपैयाँ, शिक्षक क्षमता अभिवृद्धिका लागि १ करोड ५० लाख रुपैयाँ तथा छात्रवृत्तिका लागि ७ करोड ६० लाख रुपैयाँ विनियोजन गरिएको छ । विद्यालय दिवा खाजा कार्यक्रममा प्रतिविद्यार्थी ५ रुपैयाँ थप गर्ने व्यवस्था गरिएको छ ।

भौतिक पूर्वाधार विकासका लागि १० अर्ब १८ करोड ४५ लाख रुपैयाँ विनियोजन गरेको छ । सरकारले आगामी आवमा लुम्बिनी प्रदेशले तयार गरेको सडक गुरुयोजना कार्यान्वयन गर्ने भएको छ । यस्तै स्वास्थ्य विकासका लागि ५ अर्ब ६५ करोड बजेट विनियोजन गरेको छ ।

**योग्यता, स्वच्छता, निष्पक्षता-लोक सेवा आयोगको प्रतिवद्धता**

-योग्यतामा आधारित छनौट प्रणालीको सम्मान गरौं,

-योग्यता र प्रतिस्पर्धाको सम्मान गर्दै रोजगारीमा समान अवसरको सदुपयोग गरौं,

-स्वदेशमा नै प्रतिभाको कदर गरौं र प्रतिभा पलायन हुनबाट रोक्ने वातावरण सिर्जना गरौं,

-निर्भिक एवं निष्पक्ष रुपमा राष्ट्रको सेवा गर्ने अवसरको उपयोग गरौं र गराऔं,

-२०८३ असार १ गते लोक सेवा आयोगको ७६ औं बार्षिकोत्सब भव्यताका साथ मनाऔं ।

लोक सेवा आयोगको प्रतिवद्धता: प्रतिस्पर्धात्मक छनौटको सुनिश्चितता।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## रम्भामा स्थानीय पत्रकारको क्षमता विकासका लागि तालिम

**हाम्रा संवददाता**

**पाल्पा,** असार १/ जिल्लाको रम्भा गाउँपालिकामा स्थानीय पत्रकारको क्षमता विकासका लागि तालिम दिइएको छ । गाउँपालिकाको आयोजना, पाल्पा विकास केन्द्रको व्यवस्थापनमा तीनदिने क्षमता विकास तालिम दिइएको हो ।

जेठ ३० गतेदेखि असार १ गतेसम्म सञ्चालन भएको तालिममा गाउँपालिकाका पाँचवटै वडाबाट ३५ जनाको सहभागिता रहेको थियो । तालिममा विद्यालयका शिक्षक, विभिन्न कार्यालयमा कार्यरत कर्मचारी, स्वास्थ्यकर्मी, कृषक, सहकारीकर्मी, उद्यमी, व्यवसायी, धार्मिक तथा पर्यटन क्षेत्रमा सक्रिय व्यक्तित्व तथा स्थानीय स्तरमा पत्रकारितामा संलग्न व्यक्तिहरू सहभागी थिए । पत्रकारिताको माध्यमबाट स्थानीय विषयवस्तु उजागर गर्दै "समृद्ध रम्भा र खुसी रम्भावासी" बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको रम्भा गाउँपालिकाले जनाएको छ । तालिममा नेपाल पत्रकार महासंघ पाल्पाका उपाध्यक्ष मुक्ति प्रसाद न्यौपानेले आधारभूत पत्रकारिता सम्बन्धी प्रशिक्षण दिएका थिए । प्रशिक्षक पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलले पत्रकार आचारसंहिता तथा समाचारका विषयवस्तु, खोज अनुसन्धान तथा प्रस्तुतीकरण, मिथ्या सूचनाले समाचारमा पारेको नकारात्मक प्रभाव लगायतका विषयबस्तुमा सहजीकरण गरे ।



*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## अन्तर्राष्ट्रिय परिवार रेमिटेन्स दिवसको सार्थकता

आज अन्तर्राष्ट्रिय परिवार रेमिटेन्स दिवस विभिन्न कार्यक्रम गरी मनाइँदै छ । आफ्ना परिवारको उज्ज्वल भविष्यका लागि विदेशमा श्रम गरिरहेका लाखौं आप्रवासी श्रमिकहरूको योगदानको सम्मान गर्ने उद्देश्यले हरेक वर्ष जुन १६ मा यो दिवस मनाउने गरिन्छ । नेपालजस्तो विकासोन्मुख मुलुकका लागि रेमिटेन्स अर्थतन्त्रको एक प्रमुख आधारस्तम्भ बनेको छ । लाखौं नेपाली युवाहरू रोजगारीका लागि विदेशिएका छन् र उनीहरूले पठाएको रकमले देशको विदेशी मुद्रा सञ्चिति बलियो बनाउनुका साथै लाखौं परिवारको दैनिकी धानिरहेको छ ।

रेमिटेन्स केवल आर्थिक सहायता मात्र होइन, परिवारको आशा, शिक्षा, स्वास्थ्य र जीवनस्तर सुधारको आधार पनि हो । नेपालको कुल गार्हस्थ्य उत्पादनमा रेमिटेन्सको योगदान उल्लेखनीय रहेको तथ्यले यसको महत्व झन् स्पष्ट पार्छ । तर रेमिटेन्सको सकारात्मक पक्षसँगै केही चुनौतीहरू पनि छन् । वैदेशिक रोजगारीमा जाने क्रममा श्रमिकहरूले असुरक्षित कार्यस्थल, न्यून पारिश्रमिक, श्रम शोषण तथा सामाजिक र पारिवारिक विछोडका समस्या भोग्नुपरेको यथार्थ लुकाउन सकिँदैन । कतिपय अवस्थामा श्रमिकहरूको श्रम र अधिकारको उचित सम्मानसमेत नहुने गरेको छ । त्यसैले रेमिटेन्सबाट प्राप्त आर्थिक लाभको मात्र चर्चा गरेर पुग्दैन, श्रमिकको सुरक्षा, सम्मान र अधिकार सुनिश्चित गर्नु पनि उत्तिकै आवश्यक छ । अर्कोतर्फ, रेमिटेन्सलाई केवल उपभोगमा सीमित नगरी उत्पादनशील क्षेत्रमा लगानी गर्न सकियो भने यसले दीर्घकालीन आर्थिक विकासमा योगदान पुऱ्याउन सक्छ । कृषि, उद्योग, पर्यटन तथा साना-मझौला उद्यममा रेमिटेन्सको सदुपयोग गर्ने वातावरण निर्माण गर्नु सरकार र निजी क्षेत्रको साझा दायित्व हो । यसले रोजगारी सिर्जना गरी भविष्यमा वैदेशिक रोजगारीप्रतिको अत्यधिक निर्भरता कम गर्न मद्दत पुऱ्याउनेछ । यो दिवसले हामीलाई विदेशमा पसिना बगाइरहेका श्रमिकहरूको योगदान सम्झने मात्र होइन, उनीहरूको सम्मान, सुरक्षा र भविष्यप्रति जिम्मेवार बन्न पनि प्रेरित गर्छ । रेमिट्यान्सले धानिरहेको अर्थतन्त्रका रूपमा रहेको नेपाली परिवेशका लागि आजको यस दिवस असाध्यै महत्त्वपूर्ण छ । यसर्थ रेमिटेन्सको सम्मान गरौं र विप्रेषण पठाउने परिवारका सदस्यहरूको कदर गरौं । यसो गर्न सके मात्र हरेक वर्ष मनाइने अन्तर्राष्ट्रिय परिवार रेमिटेन्स दिवसले सार्थकता प्राप्त गर्दछ ।

### Opinion @ Social Network

कसैको जीवनलाई तुलना नगरौं
प्रत्येक फूलको फुल्ने सिजन फरक हुन्छ ।
(सन्तोष शर्माको फेसबुक स्टाटसबाट www.facebook.com/Shantosh.Sharma)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

नवजनचेतना दैनिकको रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बलियो सरकार, कमजोर नैतिकता र 'ह्वाटअबाउटिज्म'को दलदल



सन्दिप पराजुली

> *सरकारको वास्तविक शक्ति त्यसले जनताप्रति कति जवाफदेही व्यवहार गर्छ, आलोचनालाई कति सम्मानपूर्वक ग्रहण गर्छ, र आफ्ना कमजोरीहरू स्वीकार गर्दै सुधार गर्न कति तत्पर हुन्छ भन्ने कुराले निर्धारण गर्छ । दुर्भाग्यवश, नेपालको वर्तमान राजनीतिक संस्कृतिमा यी गुणहरू क्रमश: दुर्लभ बन्दै गएका छन् । यसका थुप्रै उदाहरणहरू देख्न सकिन्छ । राजनीतिक विश्लेषकहरूका अनुसार यो कुनै नयाँ प्रवृत्ति होइन । शीतयुद्धकालमा सोभियत सँधै मानवअधिकार उल्लैनबारे पश्चिमी देशहरूले आलोचना गर्दा प्रतिप्रश्न गर्थ्यो, 'अनि अमेरिकामा हुने जातीय विभेदको के ?' यसरी मूल प्रश्नको उत्तर नदिई अर्काको कमजोरी देखाएर बहसलाई मोड्ने रणनीति व्यापक रूपमा प्रयोग हुन्थ्यो । पछि यही शैलीलाई 'ह्वाटअबाउटिज्म' नाम दिइयो । नेपाल पनि यसबाट अछुतो छैन । बरु पछिल्लो समय यो प्रवृत्ति झन-झन् संस्थागत हुँदै गएको महसुस हुन्छ । यदि कुनै मन्त्रीमाथि अनियमितताको आरोप लाग्छ भने अपेक्षित जवाफ के हुनुपर्छ ? आरोपको सत्यता के हो ? छानबिन कहाँसम्म पुग्यो ? दोषी प्रमाणित भए कारबाही हुन्छ कि हुँदैन ? यस्ता प्रश्नहरूको स्पष्ट, तथ्यमा आधारित र जिम्मेवार उत्तर आउनुपर्छ । तर व्यवहारमा प्राय: मन्त्रीहरूकै प्रतिक्रिया हुन्छ- 'देखाइदिऊँ ?', 'फाइल खोलिदिन्छु', 'भण्डाफोर गरिदिन्छु', 'अघिल्लो सरकारले गरेको भ्रष्टाचार बिर्सनुभयो ?', 'फलानो पार्टीका नेताको काण्डबारे किन बोल्नुहुन्न ?', आरोपको जवाफ तथ्यले दिनुपर्ने ठाउँमा प्रतिप्रश्न र विषयान्तरको सहारा लिनु साँच्चै अचम्मलाग्दो कुरा हो । यस्ता प्रतिप्रश्नहरू आरोपको सारमा प्रवेश गर्दैनन् बरु जवाफदेहिताबाट पन्छिने र बहसलाई विषयान्तर गर्ने प्रयास मात्र गर्छन् ।*

आज कुनै सार्वजनिक मुद्दा उठ्दा त्यसको जवाफ तथ्य र जिम्मेवारीका आधारमा दिनुको सट्टा प्रतिप्रश्न गरेर पन्छिने प्रवृत्ति बढेको छ । चाहे त्यो प्रधानमन्त्रीले सदनमा दिएको सीमा विवादसम्बन्धी अभिव्यक्ति होस्, अर्थमन्त्री जोडिएको 'बीवाईडी' कर छली प्रकरण होस् वा 'वासिङ मेसिनले चोख्याएको' भनिएको गृहमन्त्रीको अस्वाभाविक सम्पत्ति प्रकरण नै किन नहोस्, यी सबैमा यस्तै प्रवृत्ति देखिन्छ । राजनीति विज्ञानमा यसलाई 'ह्वाटअबाउटिज्म" भनिन्छ । यसको सरल अर्थ हो कि आफूमाथि उठेको प्रश्न वा आलोचनाको सिधा उत्तर दिनुको सट्टा अर्को पक्षको गल्ती औंल्याएर विषयान्तर गर्नु अर्थात्, 'हामीले के गर्‍यौं ?' भन्ने प्रश्नको उत्तर दिनुको सट्टा 'उनीहरूले के गरेका थिए ?' भन्ने प्रतिप्रश्न खडा गर्नु नै ह्वाटअबाउटिज्म हो ।

नेपालको वर्तमान परिदृश्य एउटा रोचक तर चिन्ताजनक विरोधाभासको साक्षी बनेको छ । एकातिर देशमा सङ्ख्यात्मक रूपमा बलियो सरकार छ । संसद्मा स्पष्ट बहुमत छ र सरकारलाई आफ्नो एजेन्डा अघि बढाउन आवश्यक अङ्कगणितको अभाव छैन । तर अर्कोतिर, यही सरकारमाथि जनविश्वास भने अपेक्षाकृत कमजोर देखिन थालिसकेको छ । कारण सरकारको शक्ति होइन, त्यसको नैतिक आधारमाथि उठिरहेका प्रश्नहरू हुन् । लोकतन्त्रमा सरकारको बल संसद्मा रहेको सङ्ख्या, मन्त्रालयहरूको नियन्त्रण वा सत्ता गठबन्धनको आकारले मात्र निर्धारण हुँदैन । सरकारको वास्तविक शक्ति त्यसले जनताप्रति कति जवाफदेही व्यवहार गर्छ, आलोचनालाई कति सम्मानपूर्वक ग्रहण गर्छ, र आफ्ना कमजोरीहरू स्वीकार गर्दै सुधार गर्न कति तत्पर हुन्छ भन्ने कुराले निर्धारण गर्छ । दुर्भाग्यवश, नेपालको वर्तमान राजनीतिक संस्कृतिमा यी गुणहरू क्रमश: दुर्लभ बन्दै गएका छन् । यसका थुप्रै उदाहरणहरू देख्न सकिन्छ । राजनीतिक विश्लेषकहरूका अनुसार यो कुनै नयाँ प्रवृत्ति होइन । शीतयुद्धकालमा सोभियत सँधै मानवअधिकार उल्लैनबारे पश्चिमी देशहरूले आलोचना गर्दा प्रतिप्रश्न गर्थ्यो, 'अनि अमेरिकामा हुने जातीय विभेदको के ?' यसरी मूल प्रश्नको उत्तर नदिई अर्काको कमजोरी देखाएर बहसलाई मोड्ने रणनीति व्यापक रूपमा प्रयोग हुन्थ्यो । पछि यही शैलीलाई 'ह्वाटअबाउटिज्म' नाम दिइयो । नेपाल पनि यसबाट अछुतो छैन । बरु पछिल्लो समय यो प्रवृत्ति झन्-झन् संस्थागत हुँदै गएको महसुस हुन्छ । यदि कुनै मन्त्रीमाथि अनियमितताको आरोप लाग्छ भने अपेक्षित जवाफ के हुनुपर्छ ? आरोपको सत्यता के हो ? छानबिन कहाँसम्म पुग्यो ? दोषी प्रमाणित भए कारबाही हुन्छ कि हुँदैन ? यस्ता प्रश्नहरूको स्पष्ट, तथ्यमा आधारित र जिम्मेवार उत्तर आउनुपर्छ । तर व्यवहारमा प्राय: मन्त्रीहरूकै प्रतिक्रिया हुन्छ- 'देखाइदिऊँ ?', 'फाइल खोलिदिन्छु', 'भण्डाफोर गरिदिन्छु', 'अघिल्लो सरकारले गरेको भ्रष्टाचार बिर्सनुभयो ?', 'फलानो पार्टीका नेताको काण्डबारे किन बोल्नुहुन्न ?', 'उनीहरू सत्तामा हुँदा के गरेका थिए, हामीलाई थाहा छैन र ?' तर प्रश्न उठ्छ, उनीहरूकै जस्तो व्यवहार गर्ने हो भने जनताले तपाईंहरूलाई किन रोजे ? फरक हुनुहुन्छ, जवाफदेही हुनुहुन्छ र पुरानै गलत राजनीतिक संस्कृतिलाई परिवर्तन गर्नुहुन्छ भन्ने अपेक्षाले नै त जनताले विश्वास गरेका हुन् । आरोपको जवाफ तथ्यले दिनुपर्ने ठाउँमा प्रतिप्रश्न र विषयान्तरको सहारा लिनु साँच्चै अचम्मलाग्दो कुरा हो । यस्ता प्रतिप्रश्नहरू आरोपको सारमा प्रवेश गर्दैनन्ह बरु जवाफदेहिताबाट पन्छिने र बहसलाई विषयान्तर गर्ने प्रयास मात्र गर्छन् । यसले एउटा गम्भीर प्रश्न खडा गरेको छ- के हामी समस्याको समाधान खोजिरहेका छौं वा केवल दोषको तुलना गरिरहेका छौं ? यदि कुनै व्यक्ति वा संस्था विगतमा गलत थियो भने त्यसको अनुसन्धान र कारबाही हुनुपर्छ । तर वर्तमानमा उठेका प्रश्नहरूको उत्तर दिनबाट त्यसले कसैलाई उन्मुक्ति दिँदैन । लोकतन्त्रमा 'उनीहरू पनि गलत थिए' भन्ने तर्क कहिल्यै 'हामी सही छौं' भन्ने प्रमाण बन्न सक्दैन ।

वास्तवमा ह्वाटअबाउटिज्मको सबैभन्दा ठुलो समस्या यही हो कि यसले सत्यलाई अस्पष्ट बनाउँछ । यसले दोषीलाई निर्दोष प्रमाणित गर्दैन, तर दोषको केन्द्रबिन्दुलाई अन्यत्र सारिदिन्छ । परिणामस्वरूप जनताले उत्तर पाउँदैनन्, केवल बहाना सुन्छन् । झन् चिन्ताजनक पक्ष के छ भने अहिले सत्ता र प्रतिपक्ष दुवैले आवश्यकताअनुसार यही शैली अपनाउने गरेका छन् । सत्ता पक्ष सत्तामा हुँदा विगत सम्झन्छ, प्रतिपक्षमा पुगेपछि वर्तमानको आलोचना गर्छ । प्रतिपक्ष सत्तामा पुग्दा फेरि त्यही व्यवहार दोहोरिन्छ । पात्र फेरिन्छन्, प्रवृत्ति फेरिँदैन ।

**यसको परिणाम के हुन्छ त ?**

सबैभन्दा पहिले सार्वजनिक बहस तथ्यमा होइन, आरोप र प्रत्यारोपमा केन्द्रित हुन पुग्छ । दोस्रो, वास्तविक जवाफदेहिता हराउन थाल्छ । किनकि प्रत्येक प्रश्नको जवाफ अर्को प्रश्नले दिन थालिएपछि कुनै पनि मुद्दा निष्कर्षमा पुग्दैन । तेस्रो, जनतामा निराशा बढ्छ । जब सबैले एकअर्कालाई दोष दिने मात्र गर्छन् र कसैले जिम्मेवारी लिँदैन, तब नागरिकको राजनीतिक प्रणालीमाथिको विश्वास कमजोर बन्छ । नेपालमा अहिले देखिएको अर्को विडम्बना नैतिकताको मापन पनि राजनीतिक सुविधाअनुसार हुन थालेको छ । आफ्ना मान्छे संलग्न हुँदा कानुनी प्रक्रिया, अनुसन्धान र प्रमाणको कुरा गरिन्छ । विपक्षी संलग्न हुँदा तुरुन्तै नैतिकता र राजीनामाको माग उठाइन्छ । नैतिकताको एउटै मापदण्ड सबैका लागि लागु हुनुपर्नेमा त्यो दल, गुट र स्वार्थअनुसार बदलिने वस्तुजस्तो बनेको छ । यसैकारणले वर्तमान समयको प्रमुख सङ्कट राजनीतिक अस्थिरता मात्र होइन, नैतिक नेतृत्वको अभाव पनि हो । सरकारसँग सङ्ख्या छ, शक्ति छ, स्रोत छ । तर जनताले खोजेको कुरा यीभन्दा बढी नैतिक विश्वसनीयता हो । नागरिकले सुन्न चाहेको उत्तर 'उनीहरूले पनि गरेका थिए' भन्ने होइन, 'हामीले के गर्‍यौं र अब के गर्दैछौं' भन्ने हो । बलियो सरकारको पहिचान आलोचकलाई चुप लगाउन सक्ने क्षमताले हुँदैन । बलियो सरकार त्यो हो जसले कठोर प्रश्नहरूको सामना गर्न सक्छ, गल्ती भए स्वीकार गर्न सक्छ, आफ्ना मानिसमाथि पनि निष्पक्ष छानबिन गर्न सक्छ र आलोचनालाई शत्रुताको रूपमा होइन, सुधारको अवसरका रूपमा लिन सक्छ । लोकतन्त्रमा प्रतिपक्षको काम प्रश्न उठाउनु हो, सरकारको काम उत्तर दिनु हो । तर जब प्रश्नको उत्तर प्रश्नले नै दिन थालिन्छ, तब लोकतन्त्र संवादबाट होइन, बहानाबाट चल्न थाल्छ । लोकतन्त्रको आधार 'उनीहरूको दोष'बाट होइन, 'हाम्रो जिम्मेवारी'बाट स्थापित हुन्छ । जबसम्म 'तपाईंहरूले के गर्दै हुनुहुन्छ ?' भन्ने प्रश्नको जवाफ 'उनीहरूले के गरेका थिए ?' भन्ने प्रतिप्रश्नमै सीमित गरिन्छ, तबसम्म सरकार जति नै बलियो भए पनि लोकतन्त्रको नैतिक जग कमजोर नै रहनेछ । *-रातोपाटी डटकम*

## महत्त्वपूर्ण टेलिफोन


**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : रोकिएको काम अघि बढ्नेछ। मन खुसी बनाउने समाचार सुन्न पाइनेछ। | **तुला** : मन हलुका बनाउनेछ। भविष्यप्रति आशावादी भावना जाग्नेछ। |
| **वृष** : धैर्य र स्थिरताले दिन सहज बनाउनेछ। परिवारसँगको संवाद उपयोगी रहनेछ। | **वृश्चिक** :अरूको विश्वास जित्ने अवसर प्राप्त हुनेछ। दिन अर्थपूर्ण रहनेछ। |
| **मिथुन** :नयाँ विषयतर्फ आकर्षित गर्नेछ। समय उपयोगी कार्यमा खर्च हुनेछ। | **धनु** : नयाँ विषय जान्ने इच्छा बलियो रहनेछ। अनुसन्धानमा रुचि बढ्न सक्छ। |
| **कर्कट** : पुरानो चिन्ता कम हुँदै जानेछ। दिनको अन्त्यमा मन हलुका महसुस हुनेछ। | **मकर** : हतारमा निष्कर्ष निकाल्नु उचित हुनेछैन। सही निर्णय लिन मद्दत गर्नेछ। |
| **सिंह** : जिम्मेवारी सम्हाल्ने क्षमता देखाउने समय छ। दिन उपलब्धिमूलक रहनेछ। | **कुम्भ** : मनका कुरा खुलस्त रूपमा राख्न सकिनेछ। आपसी विश्वास बलियो बन्नेछ। |
| **कन्या** : अनुभवले सही बाटो देखाउनेछन्। दिन सामान्य तर फलदायी रहनेछ। | **मीन** : दैनिक काममा व्यस्तता बढ्न सक्छ। समयको प्रयोगले धैरै काम सम्पन्न हुनेछन्। |

## विज्ञान/सूचना प्रविधि

# रणभूमिमा अघि बढ्दै मानवरूपी रोबोटहरू



फ्रान्सिस्कोको प्रविधि-केन्द्रित क्षेत्रमा रहेको एउटा औद्योगिक स्थानमा पुग्दा त्यहाँ कुनै डरलाग्दो मानवरूपी रोबोट सैनिकले युद्धजस्तै गतिविधि गरिरहेको देख्न पाइएला भन्ने लागेको थियो । सायद भविष्यमा जमिनमा खेलिने युद्धकलाको एक झलक, तर त्यसको सट्टा 'फ्यान्टम' नाम गरेको एउटा कालो, चम्किलो र अनुहार नभएको रोबोट आफ्नै धुनमा व्यस्त थियो । यसले बालबालिकाले खेल्ने रङ्गीन ब्लकहरू चलाइरहेको थियो । दुई वर्ष अघि सुरु गरिएको 'फाउन्डेसन रोबोटिक्स'का सह-संस्थापक र सीईओ संकेत पाठकले सम्झाए । यो कम्पनीले सैन्य र नागरिक दुवै क्षेत्रमा प्रयोग गर्न मिल्ने गरी ृयान्टमको विकास गरिरहेको छ । उनले रोबोटको स्थिरता प्रदर्शन गर्न र यो कसरी हिँड्छ भनेर देखाउन यसको ८० केजीको स्टिलले ढाकिएको शरीरलाई कोठा वरिपरि धकेले । धेरै कम्पनीहरूले कारखाना, घर वा साथीको रूपमा काम गर्न स्वचालित मानवरूपी रोबोट बनाइरहेका छन्, तर फाउन्डेसनको दाबी छ कि रक्षा क्षेत्रका व्यापक प्रयोगहरूका लागि विशेष रूपमा यस्ता रोबोट विकास गर्ने यो एकमात्र अमेरिकी कम्पनी हो । यसमा सामग्री ढुवानी, जासुसी, उपकरण वा घाइतेहरूको उद्धार र जोखिमपूर्ण ठाउँको निरीक्षणजस्ता सहयोगी भूमिकाहरू पर्छन् । तर, योभन्दा बढी विवादास्पद कुरा युद्धमा खटिएर खतराहरूलाई सामना गर्ने र निस्तेज पार्ने काम पनि यसमा पर्छ– जसलाई पाठक 'अग्रपङ्क्तिको हतियारकरण' भन्छन् ।रोबोटहरूलाई हतियार बोकाउँदा मानव सैनिकहरूलाई खतराबाट टाढा राख्न सकिने उनको तर्क छ । तिनीहरू त्यस्ता भवनहरूमा पसेर खोजी गर्न सक्छन्, जहाँ साँघुरा गल्लीहरू मानवका लागि ज्यान लिने खालका हुन सक्छन् । यसले युद्धमा हुने अन्य क्षतिलाई पनि कम गर्न सक्छ । आकाशबाट स्वचालित रूपमा लक्ष्यहरूमा आक्रमण गर्नुभन्दा जमिनमा आधारित स्वचालित प्रणाली बढी सटिक हुन सक्ने उनी बताउँछन् । तर, फाउन्डेसनको फ्यान्टमका लागि यी सबै कुरा अझै भविष्यको गर्भमै छन् । मलाई देखाइएको कम्पनीको पहिलो पुस्ताको मोडेल 'यान्टम एमके-१' थियो । त्यसमा ब्याट्री छैन, यो धुलो वा पानी प्रतिरोधी छैन र यदि यो लड्यो भने आफैं उठ्न पनि सक्दैन । यसका हातको निपुर्णता अझै पनि रोबोटिक्स क्षेत्रमा एउटा ठुलो चुनौती हो । यसका हातमा शक्ति र सिल्पको कमी छ र यसमा अहिलेसम्म गतिलो नाडी पनि छैन । यसका लागि थप सुविधा सहितको अर्को 'यान्टम एमके-२' नामक दोस्रो पुस्ताको मोडेल निर्माण भइरहेको छ । पाठकका अनुसार, फ्यान्टम एमके-२ पानी धुलोबाट सुरक्षितमात्र हुने छैन, बरु यसमा भएको ठुलो ब्याट्रीले करिब ६ घण्टा चल्न सक्छ र यो लडेमा आफैं उठ्न तथा थप शक्ति सहन गर्ने क्षमताको हुनेछ । यसका लागि सबल हात हुनु अत्यन्त महत्त्वपूर्ण छ । 'रोबोटका हातका औंला र नाडीहरू धेरै तरिकाले चल्नेछन्, जसले यसलाई हतियार चलाउन मद्दत गर्नेछ,' पाठक भन्छन् । फाउन्डेसनको लक्ष्य २०२७ को अन्त्यसम्ममा प्रतिवर्ष कम्तीमा ४०,००० थान रोबोट उत्पादन गर्ने र दीर्घकालीन रूपमा प्रत्येकको लागत २०,००० डलर भन्दा कम राख्ने रहेको पाठकले थपे । निलो टिसर्ट लगाएका संकेत पाठक कालो फ्यान्टम रोबोटको छेउमा उभिएका छन् । पाठकको तर्क छ कि चीनले यो प्रविधिलाई तीव्र रूपमा अघि बढाइरहेको छ र पश्चिमी देशहरूले पनि यसमा पछि पर्नु हुँदैन । उनी आकाशमा स्वचालित ड्रोनहरूको बढ्दो प्रयोगजस्तै लाखौं एआई-सञ्चालित मानवरूपी रोबोटहरूको स्थल सेना गठन गरेको कल्पना गर्छन् । 'मानवरूपी रोबोट सैनिकहरूको टोलीले द्वन्द्व रोक्न ठुलो भूमिका खेल्न सक्छ,' उनले भने । यस फाउन्डेसनले अमेरिकी सेनासँग आफ्नो प्रविधिको परीक्षण गर्न २४ मिलियन डलरको अनुसन्धान सम्झौता छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका छोरा एरिक ट्रम्प यस कम्पनीको लगानीकर्ता र सल्लाहकार बनेपछि यो कम्पनीले यस वर्षको सुरुमा धेरैको ध्यान आकर्षित गरेको थियो । फाउन्डेसन पाठकका लागि आफैंलाई प्रमाणित गर्ने अवसर पनि हो । उनी सह-संथापक भएको र नेतृत्व सम्हालेको वित्तीय सेवा कम्पनी 'सिनाप्स' सन् २०२४ मा टाट पल्टिएको थियो । तर के मानवरूपी सैनिक रोबोटहरू नै ।लको प्राविधिक हतियार निर्माणको अस्वस्थ्य प्रतिस्पर्धाको समाधान भनेको यसलाई सकेसम्म निस्तेज पार्ने अन्तर्राष्ट्रिय नियमहरू बनाउनु नै हो,' रोइजेनको तर्क छ ।

*-रातोपाटी डटकम*

# ब्लूस्काईले सार्वजनिक गर्‍यो ग्रुप च्याट फिचर

सामाजिक सञ्जाल ब्लूस्काईले आफ्नो प्लेटफर्ममा 'ग्रुप च्याट' सुविधा सुरु गरेको छ । यो नयाँ प्रविधिले ब्लूस्काईलाई उसको मुख्य प्रतिस्पर्धी 'एक्स' सँग प्रतिस्पर्धा गर्न थप मद्दत गर्नेछ । एलन मस्कको स्वामित्वमा रहेको एक्सले हालै मात्र 'एक्सच्याट' नामक छुट्टै मेसेजिङ एप ल्याएर च्याटिङ सुविधालाई तीव्र बनाएको छ । त्यसको जवाफमा ब्लूस्काईले पनि प्रयोगकर्ताहरूलाई गोप्य रूपमा समूहमा कुराकानी गर्ने माध्यम दिएको हो । यो सुविधा ब्लूस्काई एपको नवीनतम संस्करण (वी १.१२४) मा उपलब्ध गराइएको छ । यस वर्ष कम्पनीले व्यापक सर्वसाधारणका लागि मात्र पोस्ट गर्ने मञ्च बन्नुको सट्टा 'कम्युनिटी' हरू निर्माणमा ध्यान केन्द्रित गर्ने योजना बनाएको छ । यो ग्रुप च्याट सोही योजनाको पहिलो चरण हो । हाल ब्लूस्काईका कुल दर्ता भएका प्रयोगकर्ताको सङ्ख्या ४ करोड ४८ लाख पुगेको छ । यो सङ्ख्या एक्सको ६० करोड मासिक सक्रिय प्रयोगकर्ताको तुलनामा निकै कम हो । त्यसैले ठुला प्रतिस्पर्धी जति विशाल हुन नसके पनि नयाँ प्रयोगकर्तालाई आकर्षित गर्न ब्लूस्काईले यो नयाँ रणनीतिक कदम चालेको हो । ब्लूस्काईले सन् २०२४ मा साधारण मेसेजिङ सेवा ल्याएको थियो । हालै यसले 'जर्म' नामक थर्ड पार्टी मेसेजिङ एपसँग सहकार्य गरेर इन्क्रिप्टेड च्याट पनि सुरु गरेको छ ।

*-अनलाइन खबर डटकम*


## पूर्वखोला गाउँपालिकाको अनुरोध

- बाझो जग्गा नराखौ/राख्न नदिउँ ।
- सार्वजनिक सम्पत्ति ऐतिहासिक, पुरातात्विक तथा धार्मिक सम्पदाको संरक्षण गरौं ।
- खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौ ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिग घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| राजु नेपाल | भागिरथी शर्मा भट्टराई | नुन बहादुर थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

पूर्वखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पूर्वखोला, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## निस्दी गाउँपालिकाको अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| पूर्ण बहादुर चितौरे | तीरन कुमारी श्रेष्ठ | मुक्त बहादुर सारू |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मित्याल, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

## रम्भा गाउँपालिकाको अनुरोध

- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।

| वीर बहादुर पुन | राधाकुमारी श्रेष्ठ | विष्णु प्रसाद भण्डारी |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रम्भा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पिपलडाँडा,पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

# आज अन्तर्राष्ट्रिय परिवार रेमिटेन्स दिवस मनाइँदै

**पाल्पा,** असार १/आज अन्तर्राष्ट्रिय परिवार रेमिटेन्स दिवस विभिन्न कार्यक्रम गरी नेपालसहित विश्वभर मनाइँदै छ । विदेशमा काम गरिरहेका लाखौँ श्रमिकहरूले आफ्नो परिवारको जीवनस्तर सुधार, शिक्षा, स्वास्थ्य, खाद्य सुरक्षा तथा स्थानीय आर्थिक विकासमा पुऱ्याएको योगदानलाई सम्मान गर्ने उद्देश्यले हरेक वर्ष जुन १६ मा यो दिवस मनाउने गरिएको हो ।



आजको दिन विश्वभर रहेका आप्रवासी श्रमिकहरूले आफ्ना परिवारलाई पठाउने रकम (रेमिटेन्स) को महत्वलाई उजागर गरिन्छ । नेपालजस्ता रेमिटेन्समा निर्भर मुलुकका लागि यो दिवस विशेष महत्वको मानिन्छ । विदेशमा रहेका नेपाली श्रमिकहरूले पठाउने रेमिटेन्स राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारमध्ये एक हो । रेमिटेन्सबाट प्राप्त आम्दानीले लाखौँ परिवारको दैनिक जीवन सञ्चालन, बालबालिकाको शिक्षा तथा स्वास्थ्य सेवामा पहुँच विस्तार गर्न महत्वपूर्ण भूमिका खेलेको छ । विज्ञहरूका अनुसार रेमिटेन्सले गरिबी न्यूनीकरण र ग्रामीण अर्थतन्त्रको सुदृढीकरणमा सकारात्मक प्रभाव पारे पनि यसको दीर्घकालीन उत्पादनशील क्षेत्रमा लगानी बढाउन आवश्यक रहेको छ । उनीहरूले रेमिटेन्सलाई उपभोगमा मात्र सीमित नगरी उद्यम, कृषि तथा रोजगारी सिर्जना गर्ने क्षेत्रमा उपयोग गर्नुपर्ने सुझाव दिएका छन् । संयुक्त राष्ट्रसंघको समर्थनमा मनाइने यस दिवसका अवसरमा विभिन्न देशमा सचेतनामूलक कार्यक्रम, अन्तरक्रिया तथा श्रमिकको योगदानको सम्मानमा विशेष गतिविधि आयोजना गरिएका छन् । सरकार, वित्तीय संस्था तथा सरोकारवाला निकायहरूले सुरक्षित, सहज र कम लागतमा रेमिटेन्स सेवा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै आप्रवासी श्रमिकहरूको हकहित संरक्षणमा जोड दिएका छन् ।

# सकियो अधिकमास अर्थात् मलमास

**पाल्पा,** असार १/ प्रत्येक ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा आउने मलमास अर्थात् अधिकमास सोमबारदेखि सकिएको छ । जेठ ३ गतेदेखि सुरु भएको अधिकमास समाप्त भएको नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले जनाएको छ । ज्योतिषीय गणनाअनुसार तीन सय ६५ दिनको सौर वर्ष हुन्छ ।

तीन सय ५४ दिनको चान्द्र वर्ष हुन्छ । सौर वर्ष र चान्द्र वर्षमा प्रत्येक साल ११ दिन समय बढी हुन आउँछ । सौर र चान्द्र वर्षलाई समन्वय गर्न ३२ महिना १६ दिन एक घण्टा ३६ मिनेटमा मलमास वा अधिकमास आउँछ । एउटा औँसीदेखि अर्को औँसीसम्म सङ्क्रान्ति छैन भने त्यो महिनालाई मलमास वा अधिकमास भनिन्छ । महिनामा दुई वटा सङ्क्रान्ति पऱ्यो भने क्षयमास भनिन्छ । यस वर्ष जेठ महिनाको २ गते शनिबार र ३१ गते आइतबारका दिन औँशी तिथि परेको थियो । ज्योतिषशास्त्रीय दृष्टिकोणले अधिमास, अधिकमास तथा पौराणिक दृष्टिले पुरुषोत्तम मास, पुरुषोत्तम महिना भनिने यो महिना हरेक ३३ महिनामा पर्दछ । जुन चान्द्रमासमा सूर्यसङ्क्रान्ति हुँदैन, त्यो महिनालाई अधिमास भनिन्छ । अर्को अर्थमा भन्दा यदि चान्द्रमासको दुवै पक्षमा सूर्य सङ्क्रान्ति हुँदैन अर्थात् सूर्य कुनै पनि राशिमा प्रवेश गर्दैन भने त्यो सङ्क्रान्तिहीन महिना गणना गर्दा फाल्टु हुन्छ र यही फाल्टु महिनालाई चलनचल्तीको भाषामा अधिकमास, अधिमास, मलमास, पुरुषोत्तम मास या पुरुषोत्तम महिना भनिन्छ । मलमासको समयमा एक वर्ष पूरा नभएका अर्थात नवविवाहित पतिपत्नीबीच यौनसम्पर्क भए पतिको आयु क्षीण अर्थात थोरै हुन्छ भनिएको छ । यसको अर्थ पुराना दमपतीलाई चाहिँ छुट छ भनिएको होइन, पूराना दम्पतीमा पनि यो नियम केही हदसम्म लागू हुन्छ । यो अवस्थामा यौनसम्पर्क भएर गर्भ रहे सन्तान स्वस्थ जन्मँदैन । गर्भ रहेर बच्चा जन्मिए पनि आयु थोरै हुन्छ भनिएको छ । यस्तै नयाँ जोडी मलमासभर एउटै घरमा बस्न नहुने र एउटै धाराको पानी पिउन नहुने शास्त्रीय मान्यता छ । विवाहदेखि पछिको पहिलो वा विवाह गरेको वर्षमा आउने महिना आषाढमा पतिगृहमा अर्थात श्रीमानसँग बस्दा बुहारीले सासू पिर्ने,पहिलो क्षयमासमा बस्दा आफ्नै शरीरमा पीडा हुने, पहिलो जेठमा बस्दा जेठाजु पिर्ने,पहिलो पुसमा बस्दा ससुरालाई पिर्ने, पहिलो अधिकमासमा बस्दा पतिलाई पिर्ने, पहिलो चैतमा पितृगृहमा बस्दा आृनै पिता अर्थात बुबालाई पिर्ने ज्यो. पन्तको भनाई छ ।

# रम्भामा स्थानीय पत्रकारको ...

...तालिममा पाल्पा विकास केन्द्रका अध्यक्ष कृष्ण पोखरेलले नागरिक पत्रकारिताका विविध पक्षबारे प्रशिक्षण दिए भने ए-वन टेलिभिजनका प्रमुख सन्तोष बस्यालले टेलिभिजन पत्रकारिता तथा भिडियो पत्रकारितासम्बन्धी व्यावहारिक ज्ञान प्रदान गरेका थिए । तालिममा सहभागीहरूलाई समाचार लेखन, समाचारका स्रोत पहिचान, पत्रकारिताको नैतिकता, सामाजिक उत्तरदायित्व, नागरिक पत्रकारिताको महत्व तथा डिजिटल माध्यममा समाचार सम्प्रेषणका विषयमा जानकारी दिइएको थियो ।

प्रशिक्षकहरूले पत्रकारिता गर्दा जिम्मेवार, निष्पक्ष र तथ्यमा आधारित समाचार बनाउनुपर्नेमा जोड दिएका थिए । तालिम समापन कार्यक्रममा प्रमुख अतिथि रम्भा गाउँपालिका अध्यक्ष विष्णु प्रसाद भण्डारीले स्थानीय तहको विकास, सुशासन र जनउत्तरदायित्व प्रवर्द्धनमा पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको बताए । अध्यक्ष भण्डारीले स्थानीय पत्रकारहरू सक्षम भएमा गाउँपालिकाका गतिविधि, सम्भावना र चुनौतीहरूलाई प्रभावकारी रूपमा जनतामाझ पुऱ्याउन सकिने धारणा राखे । प्रमुख प्रशासकीय अधिकृत वीर बहादुर पुनले सूचना प्रवाह र पारदर्शिताका लागि स्थानीय पत्रकारिता सशक्त हुनुपर्ने बताउँदै यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिदै जाने बताए । सहभागीहरूको तर्फबाट अञ्जु खनाल र एवत बहादुर सारुले तालिम अत्यन्त उपयोगी रहेको बताए । सहभागीहरुले तालिमबाट प्राप्त ज्ञान र सीपलाई आफ्नो समुदायमा सूचना प्रवाह र जनचासोका विषय उठान गर्न उपयोग गर्ने बताए । समापनसँगै सहभागीहरूलाई प्रमाणपत्र समेत वितरण गरिएको थियो । रम्भा गाउँपालिकाले स्थानीय नागरिकलाई पत्रकारितामार्फत आृनो क्षेत्रको विकास, सम्भावना, समस्या र उपलब्धिहरू उजागर गर्न सक्षम बनाउने उद्देश्यले आयोजना गरेको जनाएको छ । तालिमले सहभागीहरूमा पत्रकारिताप्रति नयाँ उत्साह र आत्मविश्वास जगाएको, स्थानीय स्तरमा जिम्मेवार र सक्षम पत्रकार उत्पादन गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गाउँपालिकाले गरेको छ । स्थानीय पत्रकार खुम बहादुर पौडेलको अध्यक्षता, पाल्पा विकास केन्द्रका संयोजक किरण कौशलको सञ्चालनमा तालिम समापन भएको थियो ।

## खेलकुद समाचार

### स्वीडेनले ट्युनिसियालाई ५-१ गोलले हरायो



**काठमाडौं,** असार १/फिफा विश्वकप फुटबल अन्तर्गत समूह एफको खेलमा स्वीडेनले ट्युनिसियालाई ५-१ गोलले हराउँदै विजयी शुरुवात गरेको छ । मेक्सिकोमा सम्पन्न खेलमा स्वीडेनका यासिन अयारीले २ तथा अलेज्यान्डर इसाक, भिक्टर ग्योकेरेस र माथिएस स्भानवर्गले १-१ गोल गरे । ट्युनिसियाका ओमार रेकिकले १ गोल गरे । जितपछि स्वीडेनले ३ अंक जोडेको छ । यसै समूहको पहिलो खेलमा नेदरल्यान्ड्स र जापानले २-२ को बराबरी खेल्दै अंक बाँडेका थिए । नेदरल्यान्ड्सले र जापानले समान १ अंक जोडेको छ भने ट्युनिसिया अंकविहीन छ ।

## अर्थ/कर्पोरेट समाचार

### सुनको मूल्य तोलामा पाँच हजारले बढ्यो



**पाल्पा,** असार १/स्थानीय बजारमा सोमबार सुनको भाउ बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सुनको भाउ तोलामै ५ हजारले बढेको हो ।

मूल्य बढेसँगै २ लाख ९८ हजार २ सय रुपैयाँ तोकिएको छ । आइतबार भने सुनको भाउ तोलाको २ लाख ९३ हजार २ सय रुपैयाँ थियो । यसअघि जेठ २६ गते सुनको भाउ तीन लाख रुपैयाँ बढी थियो । उक्त दिन तोलाको भाउ ३ लाख १ हजार ९ सय रुपैयाँ तोकिएको थियो । सोमबार चाँदीको भाउ पनि आइतबारको तुलनामा १ सय २० रुपैयाँले बढेर ५ हजार १५ रुपैयाँ पुगेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सोमबार एक औँस सुन ४ हजार ३ सय २६ र त्यति नै परिमाणको सेतो धातु ७० अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

"समृद्व बगनासकाली गाउँको सारः समग्र विकासको दिगो आधार"

बगनासकाली गाउँपालिकाको अनुरोध

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- बासी, सडेगलेको र गन्हाएको मासुजन्य पदार्थ उपभोग नगरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- आफ्नो घर-आँगन वरपर सधै सफा र स्वच्छ राखौं ।

प्रकाश पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

हरि प्रसाद पाठक
उपाध्यक्ष

सरस्वती दर्लामी चिदी
अध्यक्ष

बगनासकाली गाउँपालिका
गाउं कार्यपालिकाको कार्यालय
चिर्तुङधारा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई